# कदर सम्मान सम्बन्धी केही बुंदाहरु

१. नेपाल उद्योग वाणिज्य महासंघ (तत्कालिन संघ) नेपाल सरकारमा विधिवत रुपमा दर्ता भएको दिन चैत्र २८ गतेका दिनलाई विक्रम सम्बत २०५६ सालदेखि उद्योग वाणिज्य दिवसको रुपमा मनाउँदै आएको हो ।

२. त्यस वर्षदेखि नै उद्योग वाणिज्य दिवसको अवसरमा आफ्ना सदस्य संघ संस्था जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघलाई एउटा निश्चित मापदण्ड बनाई कदर सम्मान प्रदान गर्ने प्रथाको थालनी गर्दै आएको हो । यस प्रथालाई महासंघले हालसम्म निरन्तरता दिंदै आएको छ ।

३. यस ५३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०७५ को अवसरमा सदस्य संस्थाहरु जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघलाई कदर सम्मान प्रदान गर्ने कार्यको लागि मिति २०७५।११।१३ मा बसेको कार्यकारिणी समितिको बैठकले वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाको संयोजकत्वमा उपाध्यक्ष द्वय किशोर कुमार प्रधान र म स्वयं सम्मिलित तीन सदस्यीय कदर सम्मान समिति गठन गर्ने निर्णय भएको र बैठकको निर्णय अनुसार समितिको बैठक पटक पटक बसी निश्चित मापदण्ड तयार गरी सोको आधारमा प्रश्नावली तयार गरी सदस्य संघ संस्थाहरुसंग निश्चित तोकिएको सो समय भित्र प्रश्नावलीमा उल्लेखित विवरणहरु पठाउन अनुरोध गरेको व्यहोरा यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

४. यस अनुसार कदर सम्मान कार्यक्रममा सहभागिताको लागि जिल्ला तथा नगर उद्योग वाणिज्य संघबाट ३१ वटा, वस्तुगत संघबाट १२ वटा र द्विराष्ट्रिय उद्योग वाणिज्य संघबाट १ वटा गरी जम्मा ४४ वटा सदस्यहरुबाट विवरण प्राप्त भएका छन् ।

५. प्राप्त भएका विवरणहरु निश्पक्ष, पारदर्शी रुपमा मूल्याङ्कन गर्ने कार्यको लागि विशेषज्ञ द्वय महासंघका पूर्व सचिव श्री हरिहर सुवेदी र वरिष्ठ परामर्शदाता श्री गोविन्ददेव पाण्डे सम्मिलित उपसमिति गठन गरी मूल्याङ्कन गरिएको छ। बढी मिहेनत गरी निश्पक्ष, पारदर्शीता, इमान्दारिताका साथ स्वतन्त्र रुपले गरिएको मूल्याङ्कनको आधारमा मूल्याङ्कन उपसमितिबाट कदर सम्मान समितिलाई कदर सम्मानको लागि सदस्य संघ/संस्थाहरुको सिफारिश गरेको छ।

६. मूल्याङ्कन उपसमितिबाट प्राप्त प्रतिवेदन सम्बन्धमा छलफल गर्न मिति २०७५।१२।२४ मा बसेको कदर सम्मान समितिको बठकले मूल्याङ्कन समितिबाट प्राप्त प्रतिवेदनलाई विस्तृत अध्ययन गरी कदर सम्मान प्राप्त गर्ने सदस्य संघहरु वारे निर्णय गरेको छ। कदर सम्मान समितिको बैठकको निर्णय चैत्र २४ गते बसेको पदाधिकारी समितिको बैठकले अनुमोदन गरेको व्यहोरा पनि यहाँ प्रस्तुत गर्न चाहान्छु।

७. कदर सम्मानको छनौटको मुख्य आधारमा जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ वस्तुगत संघ तथा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरुको प्रमुख उद्देश्य, नीति कार्यनीति तथा रणनीति उद्योगी व्यवसायीहरुको हक हितको संरक्षणको साथै उद्योग व्यवसाय तथा लगानी प्रवर्द्धनको लागि हुनु पर्ने नीति ऐन नियम एवं प्रक्रियागत रुपमा हुनु पर्ने सुधार सम्बन्धमा नेपाल सरकार तथा सम्बन्धित निकायहरुमा प्रभावकारी रुपले सुझाव सहित पहल (Advocacy) गरी उद्योग व्यवसाय तथा लगानी प्रबर्द्धनको माध्यमबाट देशको औद्योगिक व्यवसायिक क्षेत्रको विकास गर्ने भएको सन्दर्भमा यस बिषयबस्तुलाई प्रमुख आधार बनाएको र त्यस पश्चात क्रमशः संघको आय आर्जन, क्षमता विकास, भौतिक पूर्वाधारमा गरेका कार्यहरु र संस्थागत सामाजिक उत्तरदायित्व सहित गरेका कार्यहरुको मापदण्डको आधारमा मूल्याङ्कन गरिएको छ । यस अनुसार जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघको वर्गिकरण अनुसार “क” “ख” र “ग” वर्गमा प्रथम, द्वितीय र तृतीय गरी ९ वटा जिल्ला उद्योग वाणिज्य संघहरुले कदर सम्मान प्राप्त

गरेका छन् । यसैगरी वस्तुगत संघहरु मध्ये प्रथम, द्वितीय र तृतीय गरी ३ वटा संघहरुले कदर सम्मान प्राप्त गरेका छन् भने १ वटा द्विराष्ट्रिय उद्योग वाणिज्य संघले कदर सम्मान प्राप्त गरेका छन् ।

८. यसरी नेपाल उद्योग वाणिज्य महासंघको खम्बाको रुपमा रहेको जिल्ला तथा नगर उद्योग वाणिज्य संघ, ब्रेनको रुपमा रहेको वस्तुगत तथा द्विराष्ट्रिय संघहरुबाट गरेका कार्यहरु सराहनीय भएको व्यहोरा प्रस्तुत गर्दै आगामी दिनहरुमा सदस्य संघहरुबाट अझ बढी सशक्त रुपले प्रभावकारी रुपमा आफ्नो कार्य क्षेत्रमा सफलताका साथ अगाडि बढ्ने कुरामा महासंघ विश्वस्त रहेको छ ।

९. कदर सम्मान समितिको जिम्मेवारी दिई कार्य गर्ने अवसर प्रदान गर्नु भएकोमा आदरणीय अध्यक्षज्यू, पदाधिकारीज्यूहरु, सम्पूर्ण कार्यकारिणी समितिका सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस कदर सम्मानको कार्यमा उत्तरदायित्वका साथ बढी मेहनत लगनशील भई कार्य गर्नु भई सहयोग पुऱ्याउनु हुने समितिका संयोजक तथा वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाज्यू, उपाध्यक्ष श्री  किशोर कुमार प्रधानज्यू, महासंघका पूर्व सचिव श्री हरिहर सुवेदीज्यू, पूर्व वरिष्ठ परामर्शदाता श्री गोविन्द देव पाण्डेज्यू प्रति विशेष धन्यवाद दिन चाहन्छु ।

१०. अव म कदर सम्मान प्राप्त गर्नु हुने जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरु, वस्तुगत संघहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघको विवरण प्रस्तुत गर्दछु । सम्बन्धित संघका अध्यक्षज्यूलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट कदर सम्मान ग्रहणको लागि स्टेजमा आई दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

११. कदर सम्मानको लागि छनौट भएका सदस्य संघहरुलाई कदर सम्मान प्रदान गरी दिनु हुनका लागि सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक निवेदन गर्दछु ।